


नेपाली / باللغة النيبالية

# طريق النجاح

# सफलताको मार्ग


लेखकः أحمد بهنداري
अहमद भण्डारी

पुनरावलोकनः رضوان الله مدني
रिजवानुल्लाह मदनी

ⓒجمعية الدعوة والإرشاد وتوعية الجاليات بالربوة ، ١٤٤٤هـ

*فهرسة مكتبة الملك فهد الوطنية أثناء النشر*

بهنداري ، أحمد
طريق النجاح باللغة النيبالية. / أحمد بهنداري - ط١. .- الرياض ،
١٤٤٤هـ

١٦ ص ؛ ..سم

ردمك: ٢-٥٩-٨٣٨٢-٦٠٣-٩٧٨

١- النجاح أ.العنوان

ديوي ١٥٨,١ ١٤٤٤/٦٢١٥

**رقم الإيداع: ١٤٤٤/٦٢١٥**
**ردمك: ٢-٥٩-٨٣٨٢-٦٠٣-٩٧٨**

मركز أصول
Osoul Center
www.osoulcenter.com

यो किताब उसूल सेन्टरद्वारा तयार र डिजाइन गरिएको हो। डिजाइनमा प्रयोग गरिएका सबै फोटोहरू उसूल सेन्टरको स्वामित्वमा छन्। उसूल सेन्टरले सबै मुस्लिमहरूलाई यो किताब छपाउने र बाँड्ने अनुमति दिन्छ तर छपाउँदा निम्न कुराहरूमा अनिवार्य रूपमा ध्यान दिनु पर्नेछ। उसूल सेन्टरको अनुमति बिना किताबमा लेखिएका शब्दहरूमा कुनै पनि किसिमको परिवर्तन वा थपघट नगरियोस् र छपाइको लागि उच्च गुणस्तर तथा मापदण्डको पालना गरियोस्।

4900 445 11 +966
0126 497 11 +966
P.O.BOX 29465 Riyadh 11457
osoul@rabwah.sa
www.osoulcenter.com

بِسْمِ اللّٰهِ الرَّحْمٰنِ الرَّحِيْمِ

## अल्लाहको नामबाट सुरु गर्दछु
## जो अत्यन्तै दयालु एवम् अति कृपालु हुनुहुन्छ ।

आज मानिसहरू शान्ति र सफलताको खोजीमा भौँतारिरहेका छन्; कहाँ गएर शान्ति मिल्ला र सफलताको सही मार्ग कता होला भन्ने खोजी गरिरहेका छन् । धन दौलत र सांसारिक भोगविलासका सामाग्रीले केही समयको लागि शारीरिक खुसी मिले पनि आत्मिक रूपमा शान्ति भने मिल्दैन । आत्मिक रूपमा शान्ति त तब मिल्छ जब मानिसलाई उसको जीवनको अस्तित्व, लक्ष्य र गन्तव्यको बारेमा जानकारी हुन्छ, अनि लक्ष्य प्राप्तिको माध्यमलाई भेटाउँछ । यस पत्रिकामा त्यही सफलताको माध्यम अथवा जीवन व्यवस्थाको बारेमा तपाइँलाई केही कुरा जानकारी गराउने छु । त्यो माध्यम अथवा जीवन व्यवस्था हो "इस्लाम"। ओहो इस्लाम ! यो त सुनिरहेको शब्द हो, मिडियामा पनि चर्चा परिचर्चा भई नै रहन्छ । एउटा विशेष समुदायले मान्ने धर्म होइन र यो ? होइन, तपाइँले मिडियाबाट सुनेको कुरा र वास्तविक इस्लाममा फरक छ ।

"इस्लाम" मानव जीवनको लागि परिपूर्ण जीवन व्यवस्था हो; अनि कुर्आन सम्पूर्ण मानव जातिका लागि संविधान हो । इस्लामले अल्लाहका अन्तिम पैगम्बर मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम भन्दा पहिलेका कुनैपनि सन्देष्टा तथा पैगम्बरलाई इन्कार र अपमान गर्दैन, बरु उहाँहरूले ल्याएको धर्म-विधान अथवा पूर्व

धर्मग्रन्थहरूको पनि सम्मान गर्दछ। तर ती धर्मग्रन्थहरूमा पहिलेका मानिसहरूले परिवर्तन तथा थपघट गरेको र ती ग्रन्थहरू आ-आफ्नो यथास्थितिमा बाँकी नभएकोले अहिले पूर्णरूपमा सुरक्षित छैनन् भन्ने कुरा स्पष्ट गर्दछ। यतिमात्र होइन ती ग्रन्थहरू र सन्देष्टाहरू त्यस समयका लागि र तीनै विशेष समुदायका लागि मात्र पठाइएका थिए।

ती ग्रन्थहरूलाई मानिसहरूले परिवर्तन गरेर बिगारेपछि तिनलाई सुधार्न र पूर्णता दिन अनि धर्मलाई पुनः स्थापना गर्नको लागि अल्लाहले अन्तिम पैगम्बर मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमलाई सम्पूर्ण मानव जातिको लागि मार्गदर्शक एवम् सचेतकको रूपमा चुन्नुभयो र उहाँको माध्यमले जीवन व्यवस्थालाई पूर्णता दिनुभयो। साथै अल्लाहले अन्तिम ग्रन्थ कुर्आनलाई महाप्रलयको दिनसम्म पूर्णरुपमा सुरक्षित राख्ने वचनबद्धता पनि व्यक्त गर्नुभएको छ। कुर्आनमा अल्लाहले भन्नुभएको छ:

"(निःसन्देह) हामीले नै कुर्आनलाई अवतरण गरेका हौं र हामी नै यसको संरक्षक हौं।" (कुर्आन 15/ 9)

यसभन्दा पहिलेका कुनैपनि ग्रन्थको बारेमा अल्लाहले स्वयं सुरक्षा गर्ने जिम्मेदारी लिनुभएको थिएन र सन्देष्टा मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम भन्दा पहिलेका सन्देष्टाहरूमध्ये कसैलाई अन्तिम सन्देष्टा अथवा सन्देष्टाहरूको समापक भनेर पनि भन्नुभएको थिएन। तर मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमलाई अन्तिम नबी तथा सन्देष्टा घोषणा गर्दै अल्लाहले पवित्र कुर्आनमा भन्नुभएको छः

"(मानिसहरू हो ! ) मुहम्मद तिमी पुरुषहरूमध्ये कसैको पिता होइनन्, बरु उनी अल्लाहका रसूल र नबीहरूका समापक (अन्तिम सन्देष्टा) हुन्, अनि अल्लाहलाई प्रत्येक कुराको पूर्ण ज्ञान छ।" (कुर्आनः ३३/ ४०)

प्रत्येक पैगम्बर (सन्देष्टा) ले आफूभन्दा पछि आउने पैगम्बरको सूचना र अन्तिम पैगम्बर मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको बारेमा सूचना दिने गर्थे। जसको प्रमाण पवित्र ग्रन्थ कुर्आनको यस आयतबाट मिल्छः

अनि जब मरियमको छोरा ईसा (येशू) अलैहिस्सलाम ले भनेः हे मेरो समुदायका मानिसहरू ! “म तिमिहरूको सबैको लागि अल्लाहको तर्फबाट पठाइएको रसूल (सन्देष्टा) हुँ । म भन्दा पहिलेको किताब तौरातको म पुष्टि गर्छु र म पछि आउने एउटा सन्देष्टा जसको नाम "अहमद" हुनेछ, उनको आगमनको शुभ-सन्देश सुनाउँछु ।” (कुर्आनः ६१/ ६

मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम ईसा अलैहिस्सलामको बीच अरू कुनै सन्देष्टा थिएनन् । उहाँको अर्को नाम अहमद थियो । अहमदको अर्थ “सबैभन्दा धेरै आफ्नो पालनकर्ताको स्तुति गर्ने” हुन्छ र मुहम्मदको अर्थ “सबैभन्दा प्रशंसित व्यक्ति” हुन्छ । यी दुबै विशेषताको अर्थमा प्रायजसो पहिलेका ग्रन्थहरूमा उहाँको नाम र शुभागमनको चर्चा गरिएको छ । जसको प्रमाण हिन्दु धर्मका ग्रन्थहरू वेद, पुराण, उपनिषद र यहुदी एवम् इसाई धर्मको धर्मग्रन्थ बाइबलमा पनि मिल्छ ।

तसर्थ अबको यो युगमा अन्तिम पैगम्बरले ल्याएको सन्देश, मार्गदर्शन र अन्तिम जीवन व्यवस्था कुर्आनलाई नमानिकन कुनैपनि मानवको मुक्ति सम्भव छैन ।

पाठकहरूसँग अनुरोध गर्दछु, इस्लामको बारेमा भ्रम फैलाउने तथा दुष्प्रचार गर्ने व्यक्ति, मिडिया वा माध्यमद्वारा इस्लामको बारेमा जानकारी नलिई इस्लामको सही माध्यम कुर्आन, मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको जीवनी, उहाँले गरेका कामहरू र उहाँले दिएका निर्देशनहरू पढेर इस्लामको सही जानकारी लिनुहोस् । इस्लाम कति सुन्दर, परिपूर्ण, मानवतावादी र मानव जीवन उपयोगी छ भन्ने कुरा तपाइँहरूले आफै थाहा पाउनु हुनेछ ।

इस्लाम कुनै व्यक्ति विशेषले बनाएको धर्म नभएर सम्पूर्ण जगतका मालिक, ब्रह्माण्डका रचयिता, सम्पूर्ण प्राणीहरूका सृष्टिकर्ता, जीवनदाता, एवम् प्रतिपालक अल्लाहद्वारा पठाइएको परिपूर्ण विधान एवम् जीवन व्यवस्था हो । आफूले समय-समयमा पठाउँदै गरेको जीवन व्यवस्थालाई कुर्आनको माध्यमद्वारा परिपूर्ण गरेको गवाही दिंदै अल्लाहले आफ्नो अन्तिम ग्रन्थ कुर्आनमा भन्नुभएको छः

"आज मैले तिमिहरूका निम्ति तिम्रो जीवन व्यवस्था (धर्म) लाई पूर्ण गरिसकेको छु र आफ्ना कृपाहरू पनि पूरा गरिसकेको छु; अनि तिम्रो लागि इस्लाम धर्म (व्यवस्था) लाई रोजेको छु ।" (कुर्आनः ५/ ३)

## अल्लाह, इस्लाम र मुस्लिम

**अल्लाहको अर्थ-** अल्लाहको अर्थ सत्य पूज्य हुन्छ । जो ब्रह्माण्डका सृष्टिकर्ता, पालनकर्ता, संरक्षक, जीवनदाता, मृत्युदाता र हरेक चीजको मालिक हुनुहुन्छ । अल्लाह अरबी शब्द हो, यो गुणवाचक नाम हो, यो कुनै जाति, व्यक्ति, समूह वा वस्तु वाचक नाम होइन । त्यसैले इस्लामले सर्वलोकको मालिक अल्लाहप्रति समर्पित भई उहाँकै आदेश अनुसार जीवन व्यतीत गर्ने आदेश दिन्छ ।

**इस्लामको अर्थ-** आफ्ना सम्पूर्ण इच्छा आकांक्षालाई सत्य ईश्वर अल्लाह समक्ष समर्पण गरी उहाँको आज्ञापालन गर्नु र त्यसबाट शान्ति प्राप्त गर्नु हो ।

**मुस्लिमको अर्थ-** जसले पनि आफूलाई अल्लाहप्रति समर्पण गर्छ अथवा अल्लाहको आदेश अनुसार जीवनयापन गर्दछ, त्यसलाई मुस्लिम अथवा मुसलमान भनिन्छ । मुसलमान या मुस्लिमको अर्थ आज्ञापालक हो ।

प्रायजसो मानिसहरूले सोच्छन् कुनै पनि व्यक्ति नामले या खानदानले मुस्लिम हुन्छ । त्यस्तो होइन; बरु अल्लाहको आज्ञापालन र कर्मद्वारा मुस्लिम हुन्छ । इस्लाम एकेश्वरवादी परिपूर्ण मानव जीवन व्यवस्था तथा धर्म हो । इस्लामको शाब्दविक अर्थ शान्ति र समर्पण हो । प्रत्येक मुस्लिमले आफूलाई सत्य ईश्वर अल्लाहप्रति समर्पण गर्नै पर्छ । अल्लाहप्रति समर्पण गर्ने कार्य भएकोले अल्लाहले यसको नाम इस्लाम राख्नु भएको हो । अनि उहाँको समक्ष स्वीकार्य पनि यही नै हुनेछ । पवित्र ग्रन्थ कुर्आनमा भनिएको छः

"निःसन्देह अल्लाहको नजिक इस्लाम नै साँचो तथा स्वीकार्य जीवन व्यवस्था (धर्म) हो ।" (कुर्आनः ३/ १९)

त्यसैले जुन पनि व्यक्ति सत्य ईश्वर अल्लाहको आज्ञापालक हुन्छ, त्यो यसलोक र परलोकमा अल्लाहको कृपाको पात्र बन्छ अनि स्वर्गको भागीदार पनि बन्छ । यदि अल्लाहको आज्ञाको पालन गर्दैन भने परलोकमा घाटामा पर्नेहरू मध्येको हुनेछ । पवित्र ग्रन्थ कुर्आनमा अल्लाहले भन्नुभएको छः

"जुन मानिसले इस्लाम बाहेक कुनै अन्य धर्मको खोजी गर्दछ, उसको धर्म स्वीकार गरिने छैन र ऊ मृत्यु पश्चातको जीवनमा (परलोकमा) घाटामा पर्नेहरू मध्येको हुनेछ ।" (कुर्आन 3/ 85)

## अल्लाह को हुनुहुन्छ ?

अब प्रश्न उठ्छ अल्लाह कस्तो हुनुहुन्छ, कति हुनुहुन्छ र उहाँका के कस्ता विशेषता छन् त ? हेरौं कुर्आनले के भन्छ-

१. सत्य ईश्वर अल्लाह एक्लो हुनुहुन्छ ।

२. उहाँ निरपेक्ष हुनुहुन्छ (अथवा उहाँ हरेक चीजले परिपूर्ण हुनुहुन्छ) ।

३. न उहाँ कसैबाट जन्मनु भयो न कसैलाई जन्म दिनु भयो ।

४. उहाँ जस्तो (पुरै ब्रह्माण्डमा) कोही पनि छैन । (कुर्आनः ११२/ १-४)

यी चारवटा कसौटीमा तपाईँले पनि आफूले पूज्दै वा मान्दै गरेको पूज्य देवलाई जाँच्नुहोस्, यस्तो विशेषता सत्य पूज्य अल्लाह बाहेक कसैमा पनि पाउने हुनेछैन ।

उपरोक्त चारवटा कसौटीको बारेमा विचार गर्नुहोस् त !

१. यदि एकभन्दा धेरै पूज्य/ मालिक/ ईश्वर भएमा पुरै ब्रह्माण्डको व्यवस्था कस्तो होला ? पक्कै पनि अस्त-व्यस्त हुन्छ, झगडा, लडाइ, तेरो-मेरो, म ठूलो तँ सानो जस्ता समस्याहरू उत्पन्न हुन्छन् ।

२. यदि परिपूर्ण भएन भने भक्तको आवश्यकतालाई कसरी पुरा गर्न सक्छन्, जो स्वयम् अपरिपूर्ण छन् ! अपरिपूर्ण भए आवश्यकता पुरा गर्न अरुमा आश्रित हुन्छन् ।

३. यदि कसैबाट जन्मेको भए या कसैलाई जन्म दिएको भए माता-पिता या सन्तानमा पनि त्यही विशेषता (गुण) हुन्छ अनि साझेदारी, भागबन्डा खोज्छन् । त्यसपछि अगाडी गएर सम्पत्तिको भागबन्डा, तेरो मेरो, ठूलो सानो अदि विषयलाई लिएर फेरि समस्या हुन्छ ।

४. यदि उहाँ जस्तो अरू कुनै चीज, व्यक्ति, वस्तु वा केही भएमा त्यस्तै गुण विशेषता, शक्ति, क्षमता, चाहना हुन्छ अनि अधिक पूज्य हुन पुग्छन् । त्यसैले यस्तो विशेषता सत्य ईश्वर अल्लाहको मात्रै छ अरू कसैको छैन ।

अल्लाहको विशेषताको बारेमा अझ राम्रो खुलासा कुर्आनको सूरह बकरह सूरह नम्बर २ आयत नम्बर २५५ मा छ । हेर्नुहोस् त !

“अल्लाह नै सत्य पूज्य हुनुहुन्छ, उहाँ बाहेक कोही वास्तविक पूज्य छैन । उहाँ सदा जीवित हुनुहुन्छ र सबै चीजलाई कायम (व्यवस्थित तथा सुरक्षित) राख्ने हुनुहुन्छ । उहाँलाई उँघ पनि आउँदैन र निद्रा पनि लाग्दैन । जे जति आकाशहरू र धरतीमा छन्, सबै उहाँकै हुन् । कसैले पनि उहाँको अनुमति बिना उहाँसँग कसैको सिफारिस गर्न सक्दैन । जो उहाँको अगाडी (वर्तमानमा) छ र जे जति तिनिहरू भन्दा पहिले (विगतमा) भइसकेको छ, उहाँलाई सबै कुरा थाहा छ । अनि तिनिहरूले उहाँको ज्ञानको केही अंश पनि घेर्न (प्राप्त गर्न) सक्दैनन्, मात्र त्यति सक्छन् जति उहाँले चाहनु हुन्छ । उहाँको कुर्सीले आकाशमण्डल र धरतीलाई घेरी राखेको छ, अनि अल्लाह ती सम्पूर्ण चीजहरूको रक्षा गर्नबाट न कहिल्यै थाक्नु हुन्छ न दिक्क मान्नु हुन्छ । उहाँ त सर्वोच्च र सबैभन्दा महान हुनुहुन्छ ।” (कुर्आनः २/ २५५)

यदि उपरोक्त विशेषता भएन भने सत्य ईश्वर/ सत्य पूज्य मान्न सकिन्न किनभने,

**१. अल्लाह एक्लो पूज्य हुनुहुन्छ ।** यदि एकभन्दा धेरै पूज्य/ मालिक/ ईश्वर भएमा पुरै ब्रह्माण्डको व्यवस्था बिग्रिन्छ । तिनिहरूले आपसमा भागबन्डा गर्न थाल्छन्, भागबन्डामा विवाद र लडाइ झगडा हुनसक्छ । म ठूलो हुँ, म शक्तिशाली छु, तँ सानो छस्, तैँले केही गर्न सक्दैनस् भन्ने जस्ता समस्याहरू उत्पन्न हुन्छन् ।

**२. उहाँ सदा जीवित हुनुहुन्छ ।** जुन ईश्वरको पूजा उपासना गरिन्छ वा जससँग मागिन्छ तथा सहयोगको आशा गरिन्छ, यदि सदा जीवित रहँदैन भने सत्य ईश्वर हुन सक्दैन । मर्नेले स्वयम् आफूलाई बचाउन सकेन भने अरूलाई कसरी बचाउला ?

**३. अल्लाह सबै चीजलाई थामेर राख्ने संरक्षक हुनुहुन्छ ।** सबै चीजलाई व्यवस्थित गर्नुभएको छ । सबै चीज अथवा सम्पूर्ण ब्रह्माण्डलाई थाम्न, सम्हाल्न र व्यवस्थित गर्न नसक्ने भए त सम्पूर्ण ब्रह्माण्डको स्वामी तथा मालिक पनि भएनन् ।

**४. उहाँलाई उँघ आउँदैन ।** जसलाई उँघ आउँछ त्यो कमजोर हुन्छ, सबै चीजबाट अनभिज्ञ हुन्छ र निद्राको चपेटामा पर्छ, यदि ईश्वरको यस्तो अवस्था आयो भने समस्यामा परेको कसरी भक्तको पुकार सुन्छन् र सुरक्षा गर्छन् ?

**५. उहाँलाई निद्रा लाग्दैन ।** जसलाई निद्रा लाग्छ, उ आधा मरेको सरह हुन्छ, बेहोसीको अवस्थामा हुन्छ, बेहोस हुनेले कसरी भक्तको रेखदेख, सुरक्षा अनि कामना पुरा गर्न सक्छ ? यस्तो विशेषता भएको पनि सत्य ईश्वर हुन सक्दैन ।

**६. आकाशहरूमा र धरतीमा भएका सबै चीजहरू अल्लाहका नै हुन् ।** यदि सबै चीजको मालिक होइनन्, उनको स्वामित्वमा छैनन् भने माग्नेलाई कसरी प्रदान गर्ने र कहाँबाट प्रदान गर्ने ?

**७. उहाँको अनुमति बिना उहाँ समक्ष कसैले कसैको सिफारिस गर्न सक्दैन ।** बिना अनुमति सिफारिस गर्न सक्ने भएमा सिफारिस कर्ताको दबाब र प्रभाव पनि रहन्छ र सिफारिस कर्ताले जुनसुकै कामको लागि पनि बाध्य बनाउन सक्छ । यस्तो भएमा उसको सत्ता खोसिने र पदच्युत हुने सम्भावना पनि हुन्छ ।

**८. अगाडी, पछाडी, वर्तमान, भूत र भविष्यका सबै कुराहरू अल्लाहलाई थाहा छ ।** वर्तमान, भूत र भविष्यको सबै स्थितिबारे जानकार नभएमा सम्पूर्ण ब्रह्माण्ड र त्यसमा बसोबास गर्ने प्राणीहरूको लागि आवश्यक चीजहरूको व्यवस्था कसरी गर्ने अनि तिनका कर्मका आधारमा मृत्युपछि हिसाब किताब कसरी गर्ने ?

**९. अल्लाहको चाहना बिना उहाँको ज्ञानको केही अंश पनि कसैले जान्न (प्राप्त गर्न) सक्दैनन् ।** यदि उहाँको चाहना बिना नै प्राप्त गर्न सक्यो भने त उहाँसँग नै

टक्कर लिन्छ, सबै कुराको जानकार हुन्छ अनि ईश्वरत्वको दाबी गर्छ ।

**१०. उहाँको कुर्सीले आकाशमण्डल र धरतीलाई घेरी राखेको छ ।** उहाँको कुर्सी नै यति महान छ भने उहाँ कति महान हुनुहुन्छ होला ! यस आयतमा चर्चा गरिएको कुर्सी अल्लाहको सिंहासन (अर्श) होइन, अर्श बाहेक अन्य कुनै चीज हो । केही धर्मविद्हरूले पाउदान हो भनेका छन् । वास्तवमा कुर्सी के हो र कस्तो छ भन्ने कुरा अल्लाहलाई नै राम्रोसँग थाहा छ ।

**११. अल्लाह आकाश र धरतीका सम्पूर्ण चीजको रक्षा गरेर न कहिल्यै थाक्नु हुन्छ, न दिक्क मान्नु हुन्छ ।** उहाँ त सर्वोच्च र सबैभन्दा महान हुनुहुन्छ । थाक्ने, दिक्क मान्ने र विश्राम गर्नुपर्नेले सदा सर्वदा रेखदेख र सुरक्षा गर्न सक्दैन ।

यो महान अल्लाहको विशेषता हो, यस्तो विशेषता कसैमा छैन नत कुनै महापुरुषमा, न नबी तथा रसूलहरूमा, न वली तथा महामानवहरूमा, न फरिस्ताहरूमा, न प्रकृतिका कुनै वस्तु तथा प्राणीमा । तसर्थ म तपाइँलाई निम्तो दिन्छु अल्लाहकै उपासना गरौं र उहाँको कृपाको भागीदार अनि यसलोक र परलोकमा सफल बनौं ।

**पाठकवृन्द !** यस संसारको जीवन त क्षणिक हो, छोटो समयमै वा वर्षमै यस संसारलाई त्यागेर प्रत्येक प्राणीले यहाँबाट बिदा हुनु नै पर्छ तर परलोकको जीवन सधैँभरिको लागि हो । जहाँ यस संसारभन्दा कैयौं गुणा राम्रो प्रतिफल मिल्नेछ, जो कहिल्यै समाप्त हुनेछैन । तर यसको लागि हृदयदेखि नै सच्चा आस्था राखेर कर्म गर्नु अनिवार्य छ । अन्तिम ग्रन्थ कुर्आनमा अल्लाहले भन्नुभएको छः

“प्रत्येक प्राणीले मृत्युको स्वाद चाख्नु पर्नेछ र तिमीलाई कियामत (मृत्यु पश्चात हिसबा किताब) को दिन तिम्रा क्रियाकलापहरूको पूरापूर प्रतिफल दिइने छ, त जुन मानिसलाई नर्कको आगोबाट टाढा राखिनेछ र स्वर्गमा प्रवेश गराइनेछ, निश्चय नै उही सफल हुनेछ र सांसारिक जीवन त भ्रमको सामान मात्र हो ।” (कुर्आनः ३/ १८५)

सृष्टिकर्ता अल्लाहको आदेश पालन गर्नु र उहाँले बताए अनुसार जीवन यापन गर्नु नै पूजा, उपासना अथवा इबादत हो । यही उपासना तथा आज्ञापालनको लागि

उहाँले हामीलाई सृष्टि गर्नु भएको हो। पवित्र ग्रन्थ कुर्आनमा उहाँले भन्नुभएको छः

"मैले जिन्न र मानिसहरूलाई मेरो उपासनाको लागि मात्र सृष्टि गरेको हुँ।" (कुर्आनः ५१/ ५६)

हाम्रो जीवनको मुख्य उद्देश्य नै अल्लाहको उपासना अथवा आज्ञापालन गर्नु हो, त्यसैले हामीले सत्य ईश्वर अल्लाहलाई छाडेर अन्य कसैको उपासना गर्नु हुँदैन र उपासना तथा इबादतका मामिलामा अल्लाहको आदेश विपरीत अन्य कसैका पनि आदेशहरूको पालना गर्नु हुँदैन। पवित्र ग्रन्थ कुर्आनमा भनिएको छः

"जसले अल्लाह र उहाँको सन्देष्टाको आज्ञा पालन गर्नेछ, उसलाई अल्लाहले जन्नतमा (स्वर्गमा) प्रवेश गराउनु हुनेछ, जसमुनि नहरहरू बगिराखेका छन्, त्यसमा तिनिहरू सधैँ बास गर्नेछन् र यो नै सबैभन्दा ठूलो सफलता हो।" (कुर्आनः ४/ १३)

हामीले देखेको र थाहा पाएको कुरा नै हो, यस संसारमा कैयौं ठूला-ठूला मै हुँ भन्ने शक्तिशाली, धनाढ्य व्यक्तिहरू, राजा महाराजा कहलाइएका, सबै किसिमका सुख सुविधाले सम्पन्न भएका, चारैतिर सुरक्षाकर्मी राखेर सुरक्षाको घेराभित्र रहने, सहयोगी र नोकरचाकर अघिपछि लगाएर हिंड्ने मानिसहरूको आज नाम निशानी नै छैन। नत उनीहरूको साथमा धन-सम्पत्ति गयो न आफन्त, नोकरचाकर र सहयोगीहरू नै गए। आउँदा पनि खाली हात आएका थिए र जाँदा पनि खाली हात नै गए। तिमी नै मेरो जीवन हौ, तिमी बिना एक पल पनि बाँच्न सक्दैन भन्नेले पनि मरेपछि छुन डराए। यो हो यस संसारको वास्तविकता ! तर तीनै व्यक्तिले यदि आफ्नो पालनकर्ता सत्य ईश्वर अल्लाहलाई चिनेको, मानेको र उहाँको आज्ञापालन गर्दै सत्कर्महरू गरेको भए; ती सत्कर्महरूले परलोकमा उनलाई फाइदा दिनेछन्।

तपाईँका सत्कर्म तब मात्र अल्लाहको समक्ष स्वीकार्य हुनेछन् जब तपाईँले अल्लाहमाथि पूर्ण विश्वास गर्नु हुनेछ र उहाँले दिएका आदेशहरूको पालना गर्दै मनाही गरेका कामहरूबाट बच्नु हुनेछ। किनभने मृत्युपछिको जीवनमा न्याय र अन्यायको फैसला गर्ने न्यायाधीश अल्लाह नै हुनुहुनेछ। जब अल्लाहलाई नै मान्नु भएन र अल्लाहका आदेशहरूको पालना गर्नु भएन भने तपाईँका कर्महरूको कुनै

मान्यता हुँदैन। पवित्र ग्रन्थ कुर्आनमा भनिएको छः

“जसले अल्लाह र उहाँको सन्देष्टाको अवज्ञा गर्नेछ र उहाँबाट निर्धारित सीमाको उल्लङ्घन गर्नेछ, त्यसलाई अल्लाहले नर्कमा हाल्नु हुनेछ र त्यहाँ ऊ सधैँ रहनेछ; तथा तिनैलाई यो अपमानजनक सजाय हो।” (कुर्आनः ४/ १४)

त्यसैले मित्रहरू ! आउनुहोस् इस्लाममा। एकमात्र सत्य पूज्य ईश्वर अल्लाहको आज्ञापालना र आराधना गरौं अनि यसलोक र परलोक दुबै लोकमा सफल बनौं। यदि तपाईँले इस्लाम स्वीकार गरेर आफूलाई परलोकमा बर्बाद हुनबाट बचाउन चाहनु हुन्छ भने सच्चा हृदयले एकमात्र सत्य पूज्य अल्लाहमाथि विश्वास गर्नुहोस् अनि पहिलेका सम्पूर्ण सन्देष्टाहरूमाथि विश्वास गर्दै अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको तरिका अनुसार जीवन यापन गर्ने प्रतिबद्धता गर्नुहोस्। त्यसपछि भन्नुहोस् अथवा गवाही दिनुहोस्-

**“अश्हदु अल्ला इलाह इल्लल्लाहु व अश्हदु अन्न मुहम्मदन् अब्दुहु व रसूलुहु”**

**अर्थः म गवाही दिन्छु एकमात्र सत्य पूज्य अल्लाह बाहेक कोही वास्तविक उपासना तथा भक्तिको लायक छैन र मुहम्मद अल्लाहका भक्त एवम् सन्देष्टा हुनुहुन्छ।**

फेरी एक पटक पढेर मनन गर्नुहोस् त माथिको गवाहीलाई ! अब त स्पष्ट रूपमा बुझ्नु भयो होला र स्वीकार पनि गर्नुभयो होला। यति भन्नुभयो भने तपाइँ इस्लाममा प्रवेश गर्नुहुन्छ। त्यसपछि इस्लामको जानकारी हासिल गर्दै जाने र व्यवहारमा लागू गर्दै जाने। अल्लाहको सन्देष्टा मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छः

“अल्लाहको खुसीको लागि साँचो र स्वच्छ मनले “ला इलाहा इल्लल्लाह” को गवाही दिने व्यक्तिमाथि अल्लाहले नरकलाई अवैध गर्नुभएको छ।” (बुखारी: ४१५)

“अल्लाह बाहेक अरु कोही सत्य ईश्वर छैन” भन्ने कुरामाथि आस्था राखेको अवस्थामा कसैको मृत्यु भयो भने ऊ अवश्य नै स्वर्गमा जानेछ।” (अहमद: ४६४)

इस्लाममा प्रवेश गरिसकेपछि अथवा एकेश्वरवादलाई आत्मसात गरिसकेपछि दिनमा पाँच पटक प्रार्थना गर्ने (नमाज पढ्ने), आफूसँग भएको बचत सम्पत्ति एक निश्चित पैमानासम्म पुगेपछि त्यसबाट वार्षिक एक निश्चित मात्रामा गरिबहरूलाई दान (जकात) दिने, रमजानको महिनामा व्रत बस्ने अनि शारीरिक एवम् आर्थिक क्षमता भए सऊदी अरबको मक्कामा गएर हज (मक्काको तीर्थयात्रा) गर्ने। यी इस्लामका आधार अथवा स्तम्भ हुन्। जो पाँचवटा छन्- पहिलो- कलिमा शहादत हो जो तपाइँले गवाही दिनुभयो र इस्लाममा प्रवेश गर्नुभयो, दोस्रो- नमाज (प्रार्थना), तेस्रो- जकात (विशेष किसिमको दान), चौथो- रमजान महिनामा व्रत बस्ने र पाँचौं- मक्कामा गएर हज गर्ने।

अनि प्रत्येक मुस्लिमले इस्लाममा प्रवेश गरिसकेपछि केही कुराहरूमा पूर्ण रूपमा विश्वास गर्नुपर्ने र आस्था राख्नुपर्ने हुन्छ जसलाई ईमानका आधार अथवा स्तम्भ भनिन्छ। ती ६ वटा छन्- अल्लाहमाथि आस्था, अल्लाहका फरिश्ताहरूमाथि आस्था, अल्लाहद्वारा अवतरण गरिएका किताब (ग्रन्थ) हरूमाथि आस्था, अल्लाहका सन्देष्टाहरूमाथि आस्था, कयामत (महाप्रलय) को दिनमाथि आस्था र राम्रो तथा नराम्रो भाग्यमाथि आस्था।

यसको साथसाथै समाजमा हरेक किसिमका खराब कामहरूबाट बच्ने, मैले पहिल्यै भनिसकेको छु, कुनै पनि मानिस नामले मुसलमान हुँदैन कामले हुन्छ। समाजमा कैयौं त्यसता मुसलमानहरू पनि भेटिन्छन्, जो मात्र नामका मुसलमान हुन्छन्, कामका हुँदैनन् र विभिन्न किसिमका खराब काममा लिप्त हुन्छन्।

त्यसैले कसैमाथि अन्याय अत्याचार नगर्ने, जाँड रक्सी जुवा-तास, व्यभिचार, छलकपट जस्ता कामहरूबाट बच्ने। यही असल कर्म र एकेश्वरवादको तालिम हामी सबैका प्रथम पिता आदम, उहाँ पछिका सन्देष्टाहरू नूह, इब्राहीम, इस्माईल, इस्हाक, याकुब, युसूफ, युनूस, लुत, अय्यूब, मूसा, हारून, यह्या, जकरीया, ईसा (येशू) लगाएत

अन्य सन्देष्टाहरू एवम् अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमले दिनुभएको थियो। उहाँहरू सबैले मान्ने धर्म (व्यवस्था) इस्लाम नै थियो।

इस्लाममा जातीय भेदभाव र रङ्गको भेदभाव छैन। सबै मानिसहरू प्रथम मानव जोडी आदम र हौव्वाका सन्तान हुन्। नाम, जात, वर्ण, देश, भाषा र भेष-भूषाको आधारमा कोही पनि ठूलो वा सानो हुँदैन, मानवको बीच आपसमा छुवाछूतको भेदभाव पनि छैन। जसले पनि इस्लाम अपनएर अल्लाहको प्रिय भक्त बन्न सक्छ। अल्लाहको निकट सबैभन्दा प्यारो व्यक्ति त्यो हो जो अल्लाहसँग डराएर सत्कर्म गर्छ र कुकर्महरूबाट बच्छ। अल्लाहले भन्नु भएको छः

"हे मानिसहरू ! हामीले तिमीहरू सबैलाई एउटै पुरुष र एउटी स्त्रीबाट सृष्टि गर्यौं अनि तिमीलाई खानदान र समुदायहरू (गोत्रहरू) को रूप दियौं, ताकि तिमीले एक अर्कालाई चिन्न सक। (वास्तवमा) अल्लाहकहाँ तिमिमध्ये सबैभन्दा प्रतिष्ठित त्यो हो जो (अनुचित कर्मबाट) बच्ने गर्छ। निश्चय नै अल्लाह सबै कुराको जानकार सर्वज्ञ हुनुहुन्छ।" (कुर्आनः ४९/ १३)

साथीहरू ! आउनुहोस् स्वागत छ इस्लाममा, यही नै सफलताको मार्ग हो। इस्लाम अपनाएर मृत्युपछिको जीवनमा कहिल्यै पनि समाप्त नहुने, कुनै पनि किसिमका दुख-कष्ट र समस्याहरू आई नलाग्ने, मृत्युले पनि छुन नसक्ने आनन्दमय जीवनको गन्तव्यतिर अगाडी बढौं।

स्वर्ग नै त्यो अन्तिम गन्तव्य हो आउनुहोस् स्वर्गको लागि हामी सबैले तयारी गरौं। एकमात्र सत्य पूज्य परमेश्वर अल्लाहलाई मानौं र उहाँको आज्ञापालन गरौं।


**तपाइँहरूको शुभ चिन्तकः**

**अहमद भण्डारी "बोधि"**

**फोनः 00966502586183**

**009779812990699**



طريق النجاح

# सफलताको मार्ग

Phone: 00966502586183